# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) विराटनगर, नेपाल, चैत्र २६ गते, २०८० साल (अतिरिक्ताङ्क ३८

## भाग २

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

## लागु औषध नियन्त्रण, सचेतना प्रवर्द्धन, मानव बेचबिखन एवम् पुनर्स्थापना केन्द्रसँग सहकार्य र अनुदान वितरण कार्यक्रम सञ्चालन निर्देशिका, २०८०

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

**प्रस्तावनाः** कोशी प्रदेश सरकारले प्रदेशभित्र एवम् प्रदेश क्षेत्रमा जोडिएका अन्तर्राष्ट्रिय नाकाहरू बाट हुने लागु औषध ओसार पोसार, मानव बेचबिखनजन्य क्रियाकलाप नियन्त्रण, लागु औषध उपभोग नियन्त्रण, उपयोगकर्ता तथा तिनका अभिभावकहरूलाई सचेतना र प्रदेशभित्र सञ्चालित लागु औषध पुनर्स्थापना केन्द्रहरूसँग सहकार्य गरी प्रवर्धनात्मक तथा संरक्षणात्मक कार्यक्रमहरू सञ्चालन गर्न अनुदान वितरण प्रक्रियालाई स्वच्छ र पारदर्शी तुल्याउन प्रदेश विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद — १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "लागु औषध नियन्त्रण, सचेतना प्रवर्धन, मानव बेचबिखन नियन्त्रण एवम् पुनर्स्थापना केन्द्रसँग सहकार्य र अनुदान वितरण कार्यक्रम सञ्चालन निर्देशिका, २०८०" रहेको छ।

(२) यो निर्देशिका प्रदेश सरकारबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"अनुदान"** भन्नाले लागु औषध उपचार तथा पुनर्स्थापना केन्द्रलाई निश्चित उद्देश्यको लागि मन्त्रालयबाट प्रदान गरिने नगद वा जिन्सी समेतलाई सम्झनु पर्छ।

(ख) "अन्य कुनै निकाय" भन्नाले सरकारी वा निजी क्षेत्रका निकाय सम्झनु पर्छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ग) "कार्यालय" भन्नाले सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई सम्झनु पर्छ ।

(घ) "कार्यक्रम संचालन अनुदान" भन्नाले लागु औषधको कुलतमा फसेका व्यक्तिहरूलाई सुधारगृहमा राखी सेवा संचालन गर्न वा त्यस्ता व्यक्तिहरूको लागि सीपमूलक तालिम, गोष्ठी, सेमिनार, उत्प्रेरणा अभिवृद्धि जस्ता क्षमता विकास तथा पुनर्स्थापना कार्यक्रमका लागि दिइने अनुदान सम्झनु पर्छ ।

(ङ) "केन्द्र" भन्नाले लागु औषध प्रयोगकर्ताहरूका लागि उपचार तथा पुनर्स्थापना केन्द्र संचालन निर्देशिका, २०७५ अनुसार स्थापित उपचार तथा पुनर्स्थापना केन्द्र सम्झनु पर्छ।"

(च) "छनौट समिति" भन्नाले यस कार्यविधिको दफा ९ बमोजिमको छनौट समिति सम्झनु पर्छ।

(छ) "निर्देशिका" भन्नाले लागु औषध प्रयोगकर्ताहरूका लागि उपचार तथा पुनर्स्थापना केन्द्र संचालन निर्देशिका, २०७५ सम्झनु पर्छ ।

(ज) "पूँजीगत अनुदान" भन्नाले भवन निर्माण, फर्निचर तथा मेसिनरी खरिद वा यस्तै प्रकारका निर्माण वा खरिदका लागि दिइने अनुदान सम्झनु पर्छ ।

(झ) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ ।

(ज) "मूल्याङ्कन तथा सिफारिस समिति" भन्नाले कार्यविधिको दफा ७ बमोजिमको मूल्याङ्कन तथा सिफारिस समिति सम्झनु पर्छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## परिच्छेद - २
## अनुदान सम्बन्धी व्यवस्था

३. **अनुदान दिन सक्ने** : (१) मन्त्रालयले केन्द्र मार्फत कार्यक्रम संचालन गर्न देहाय बमोजिम अनुदान दिन सक्नेछ :-

(क) पुँजीगत अनुदान

(ख) कार्यक्रम सञ्चालन अनुदान

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रत्येक वर्ष प्रदान गरिने अनुदान रकमको अधिकतम सीमा र केन्द्रको संख्या मन्त्रालयको निर्णय बमोजिम हुनेछ।

४. **अनुदान उपलब्ध नहुने अवस्था** (१) दफा ३ मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा केन्द्रलाई अनुदान उपलब्ध गराइने छैन :-

(क) बार्षिक साधारण सभा संचालन नगरेको,

(ख) वार्षिक लेखा परीक्षण नगराएको,

(ग) कर चुक्ता प्रमाणपत्र पेश नभएको र

(घ) प्रचलित कानून बमोजिम दर्ता गर्नुपर्ने निकायमा दर्ता नगरेको ।

(२) अन्तर्राष्ट्रिय गैर सरकारी संघ वा संस्था तथा अन्य कुनै निकायबाट अनुदान वा सहयोग प्राप्त गरी संचालन भइरहेको संस्थाको हकमा कार्यविधिको दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिमको अनुदान बाहेक अन्य अनुदान प्रदान गरिने छैन ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## परिच्छेद —३
## अनुदान प्रदान गर्ने प्रक्रिया

५. **आवेदन माग गर्ने**: (१) मन्त्रालयले अनुदानका लागि अनुसूची-१ बमोजिमको ढाँचामा १५ दिनको समय दिई अनुदानको उद्देश्य खुलाई आवेदन माग गर्न सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(२) आवेदकले आवेदन साथ देहायका कागजातहरू संलग्न गर्नुपर्नेछ :-

(क) संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
(ख) सम्बन्धित संस्था वा व्यावसायिक फर्मको विधानको प्रतिलिपि,
(ग) मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
(घ) अघिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि,
(ङ) केन्द्र/संस्था रहेको स्थानको नक्सा,
(च) अनुसूची-२ बमोजिम ढाँचामा संस्थाको बित्तीय/भौतिक र मानव संशाधन सम्बन्धी विवरण,
(छ) अनुसूची-३ बमोजिम ढाँचामा अनुदान प्राप्त पश्चात गरिने संक्षिप्त कार्ययोजना, कार्यक्रम प्रस्ताव र
(ज) निर्देशिका बमोजिमका अन्य कागजातहरू ।

६. **अनुदानको लागि सिफारिस**: सम्बन्धित जिल्लाको कार्यालयले अनुदानका लागि दफा ५ बमोजिम मन्त्रालयमा आवेदन दिएका

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

केन्द्रको स्थलगत अनुगमन गरी अनुसूची-४ बमोजिम ढाँचामा प्रतिवेदन साथ मन्त्रालयमा सिफारिस गरी पठाउनु पर्नेछ ।

७. <u>मूल्याङ्कन तथा सिफारिस समिति</u>ः (१) दफा ५ बमोजिम प्राप्त आवेदन उपर मूल्याङ्कन गर्न मन्त्रालयमा देहाय बमोजिम मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ :-

(क) शान्ति सुरक्षा हेर्ने महाशाखाका प्रमुख, आन्तरिक मामिला तथा कानून मन्त्रालय -संयोजक

(ख) अधिकृत, प्रशासन तथा योजना शाखा, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(ग) अधिकृत, प्रतिनिधि, सामाजिक विकास मन्त्रालय-सदस्य

(घ) अधिकृत, कानून तर्जुमा शाखा, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(ङ) अधिकृत, प्रतिनिधि, स्वास्थ्य मन्त्रालय -सदस्य

(च) शाखा प्रमुख, आर्थिक प्रशासन शाखा, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(छ) शाखा अधिकृत, प्रहरी प्रशासन शाखा, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य सचिव

(२) मूल्याङ्कन तथा सिफारिस समितिले दफा ५ तथा दफा १२ बमोजिम पेश हुन आएका आवेदन उपर मूल्याङ्कन गरी आफ्नो सिफारिस सहितको प्रतिवेदन दफा ९ बमोजिमको छनौट समिति समक्ष पेश गर्नु पर्नेछ ।

८. <u>मूल्याङ्कनका आधार तथा अंक विभाजन</u>ः (१) दफा ७ बमोजिमको समितिले आवेदन उपर मूल्याङ्कन तथा सिफारिस गर्दा देहायका आधारमा गर्नु पर्नेछ :-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| क्र.सं. | विवरण | अंक भार | कूल अंक |
|---|---|---|---|
| **१** | **केन्द्रको अद्यावधिक विवरण : (५ अंक)** | | **५** |
| १.१ | संस्था दर्ता र नविकरण | | ५ |
| **२** | **भौतिक संरचना : (४० अंक)** | | **४०** |
| २.१ | भवन तथा कम्पाउण्डको अवस्था | | ५ |
| २.१.१ | कम्पाउण्ड वाल सहितको पक्की भवन | ५ | |
| २.१.२ | कम्पाउण्ड वाल रहित पक्की भवन वा कम्पाउण्ड वाल सहित जस्ता छाना भएको घर तथा भवन | ३ | |
| २.१.३ | जस्तापाताको छाना भएको घर/भवन भएको | २ | |
| २.२ | खानेपानीको उपलब्धता | | ५ |
| २.२.१ | चौविसे घण्टा शुद्ध खानेपानीको उपलब्धता | ५ | |
| २.२.२ | इनार र ट्युवेलको पानी उपलब्ध भएको | ३ | |
| २.३ | बगैचाको व्यवस्था | | ३ |
| २.४ | आफ्नै संरचनामा तालिम संचालनको छुट्टै हल | | ५ |
| २.५ | उपचाररत व्यक्तिको संख्याको अनुपातमा भवन र सिट क्षमता पर्याप्तता | | ५ |
| २.६ | खेल मैदान | | ३ |
| २.७ | तोकिएको सीमा बमोजिमको जग्गाको पर्याप्तता | | ४ |
| २.८ | आफ्नै जग्गा भएमा | | ४ |
| २.९ | भाडा/लिजमा भएमा | | ३ |
| २.१० | सुत्ने बस्ने ठाउँको सुव्यवस्था (खाट,पलङ) | | ३ |
| **३** | **जनशक्ति : (१० अंक)** | | **१०** |
| ३.१ | व्यवस्थापक वा संयोजकको व्यवस्था | | २ |
| ३.२ | प्रशासन वा लेखासहायक | | २ |
| ३.३ | पालोपहरा तथा सुरक्षाकर्मी | | २ |
| ३.४ | भान्से | | १ |
| ३.५ | कार्यालय सहयोगी वा बगैंचे | | १ |
| ३.६ | उपचार तथा परामर्श सेवा उपलब्ध गराउने प्राविधिक स्वास्थयकर्मी | | २ |
| ४ | **खानपान, सरसफाई, उपचार तथा मनोरञ्जन : (२५ अङ्क)** | | **२५** |
| ४.१ | चौविसे घण्टा विद्युत आपुर्ति व्यवस्था | | २ |
| ४.२ | आकस्मिक उपचारको व्यवस्था (उपचार सम्बद्ध स्वास्थ्यकर्मीसंग आवद्धता) | | ५ |
| ४.३ | अस्पतालको सुलभता (बढीमा ३० मिनेट भित्र पहुँच/१० कि.मी.दुरी भित्र) | | ५ |
| ४.४ | उपचाररत व्यक्तिको स्वास्थ्य बीमाको व्यवस्था | | २ |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | |
|---|---|---|---|
| ४.५ | खेलकुद सामग्री | | ३ |
| ४.६ | योगा ध्यान कक्ष | | ५ |
| ४.७ | पुस्तकालय | | ३ |
| **५** | **उपचार सेवा सम्बन्धी विवरण (१० अंङ्क)** | | **१०** |
| ५.१ | गत आर्थिक वर्षमा उपचार सेवा प्राप्त संख्या | | ५ |
| ५.१.१ | २० जना सम्म | २ | |
| ५.१.२ | २१ देखि ४० जना सम्म | ३ | |
| ५.१.३ | ४० जना भन्दा माथि | ५ | |
| ५.२ | चालु आर्थिक वर्षमा उपचार सेवा प्राप्त संख्या | | ५ |
| ५.२.१ | २० जना सम्म | २ | |
| ५.२.२ | २१ देखि ४० जना सम्म | ३ | |
| ५.२.३ | ४० जना भन्दा माथि | ५ | |
| **६** | **अन्य (१० अंङ्क)** | | **१०** |
| ६.१ | तोकिएको शुल्क लागु गरेको विवरण (न्यूनतम शुल्कले अधिक अंक पाउने) | | ५ |
| ६.२ | कम्तीमा १०% निःशुल्क उपचाररत व्यक्तिको विवरण (प्रमाणपत्र हुनुपर्ने) | | ३ |
| ६.३ | सीपमूलक तालिम संचालनको विवरण (प्रमाण पश गर्नुपर्ने) | | २ |
| **जम्मा** | | | १०० |

(२) उपदफा (१) बमोजिमको मूल्याङ्कनमा कम्तीमा ४५ अंक प्राप्त नगर्ने केन्द्रलाई अनुदान प्रदान गरिने छैन ।

९. <u>छनौट समितिः</u> (१) दफा ७ बमोजिम मूल्याङ्कन तथा सिफारिस भई आएका केन्द्रहरूलाई मन्त्रालयले बजेटको सीमितता एवं कार्यक्रमको आवश्यकताका आधारमा प्रोत्साहन अनुदानको लागि छनौट गर्नेछ । उक्त कार्यका लागि मन्त्रालयमा देहाय बमोजिमको एक छनौट समिति रहनेछ :-

(क) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -संयोजक

(ख) सचिव, स्वास्थ्य मन्त्रालय -सदस्य

(ग) सचिव, सामाजिक विकास मन्त्रालय -सदस्य

(घ) उपसचिव वा सो सरह, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ङ) सशस्त्र प्रहरी उपरीक्षक, सशस्त्र प्रहरी बल नं.१ बराह बाहिनी मुख्यालय, सुनसरी -सदस्य

(च) प्रहरी उपरीक्षक, कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर -सदस्य

(छ) शान्ति सुरक्षा हेर्ने महाशाखाका प्रमुख, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य सचिव

(२) छनौट समितिको बैठक आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञ वा अन्य सम्बन्धित व्यक्तिलाई समेत आमन्त्रण गर्न सक्नेछ ।

(३) आवेदक केन्द्रले पेश गरेको विवरण र कार्यालयले स्थलगत अनुगमन गरी पठाएको विवरणसँग मेल नखाएमा सम्बन्धित कार्यालयले पेश गरेको प्रतिवेदनलाई छनौट समितिले आधार बनाउन सक्नेछ ।

## परिच्छेद — ४

## कार्यक्रम सञ्चालन

१०. **कार्यक्रमहरू सञ्चालनः** मन्त्रालयले लागु औषध उपभोग तथा नियन्त्रण तथा मानव बेचबिखन ओसारपसार नियन्त्रण गर्न देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सक्नेछ :-

(क) अन्तर्राष्ट्रिय सिमा नाकामा पुनर्स्थापना केन्द्रहरू सँगको सहकार्यमा लागु औषध तथा मानव बेचबिखन सम्बन्धी निगरानी कक्ष (होल्डिङ सेन्टर) सञ्चालन गर्ने ।

(ख) प्रहरी तथा समुदायको सहकार्यमा सचेतना क्रियाकलाप सञ्चालन गर्ने ।

(ग) लागु औषध सेवनकर्ता तथा मानव बेचबिखनका पीडितलाई नियन्त्रणमा लिई होल्डिङ सेन्टरमा राखी मनोपरामर्श प्रदान गर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(घ) लक्षित वर्गका व्यक्तिहरूका अभिभावकसँग अन्तरक्रिया गरी निजहरूलाई अभिभावकको जिम्मा लगाउने ।

(ङ) लागु औषध नियन्त्रण तथा मानव बेचबिखन नियन्त्रणमा प्रहरी एवम् ट्राफिक प्रहरीसँग समन्वय गर्ने ।

(च) पुनर्स्थापना केन्द्रमै राखि सेवा दिनुपर्ने लागुपदार्थ सेवनकर्तालाई पुनर्स्थापना केन्द्रमा पठाउने।

११. <u>कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वान गर्न सक्नेः</u> दफा १० को खण्ड (क) बमोजिमको निगरानी कक्ष स्थापना गरी कार्यक्रम सञ्चालन गर्न इच्छुक केन्द्रहरूसँग मन्त्रालयले प्रस्ताव आह्वान गरी कार्यक्रम सम्झौता गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

१२. <u>प्रस्तावको मूल्याङ्कन तथा छनौटः</u> (१) दफा ११ बमोजिमको प्रस्तावको मूल्याङ्कन तथा सिफारिस दफा ७ बमोजिमको समितिले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मूल्याङ्कन भई सिफारीस गरिएका प्रस्तावहरूको छनौट दफा ९ बमोजिमको समितिले गर्नेछ ।

## परिच्छेद — ५

## <u>कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन</u>

१३. <u>जानकारी दिनुपर्नेः</u> (१) दफा ९ बमोजिमको समितिबाट केन्द्र छनौट भएको विवरण मन्त्रालयले सम्बन्धित केन्द्रलाई जानकारी दिनु पर्नेछ र स्वीकृत भएको सूचना मन्त्रालयको वेब साइटमा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जानकारी गराउँदा कम्तीमा सात दिनको समय दिई सम्झौता गर्न आउने म्याद समेत खुलाउनु पर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

१४. <u>सम्झौता गर्नु पर्नेः</u> छनौट भएका केन्द्रहरू सँग मन्त्रालयले अनुसूची-५ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

१५. <u>भुक्तानी विधिः</u> यस कार्यविधि बमोजिम उपलब्ध गराइने अनुदान रकम सम्झौताको शर्त बमोजिम एकमुष्ठ वा किस्ता बन्दीमा बैंक मार्फत भुक्तानी गरिनेछ ।

१६. <u>अनुदानको सदुपयोग गर्नुपर्नेः</u> मन्त्रालयले प्रदान गरेको रकम केन्द्रले आफ्नो खातामा आम्दानी बाँधी समुचित उपयोग हुने गरी श्रेस्ता राखी अद्यावधिक गर्नु पर्नेछ ।

१७. <u>अनुदान प्राप्त गर्ने केन्द्रको दायित्वः</u> अनुदान प्राप्त गर्ने केन्द्रले देहायको दायित्व बहन गर्नु पर्नेछ :-

(क)अनुदानको हिसाव संस्थाको विधान अनुरुप स्वीकृति लेखा प्रणाली अनुसार राख्नु पर्नेछ ।

(ख)अनुदान प्राप्त गरेको वर्ष कम्तीमा ५ जना गरिब तथा विपन्न वर्गलाई निःशुल्क उपचारको व्यवस्था गर्नु पर्नेछ ।

१८. <u>प्रतिवेदन दिनु पर्नेः</u> केन्द्रले यस कार्यविधि बमोजिम प्राप्त गरेको अनुदानबाट सम्पन्न गरेका कार्य, खर्च र प्रतिफल सहितको विवरण खुलाई अर्ध वार्षिक र वार्षिक रुपमा मन्त्रालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१९. <u>अनुगमन गर्नुपर्ने :</u> (१) मन्त्रालयले केन्द्रको कम्तीमा चार महिनामा एक पटक अनुगमन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिने अनुगमन कार्यमा केन्द्रले आवश्यक सहयोग गर्नु पर्नेछ ।

२०. <u>अनुदान उपयोग गराउन सक्ने</u> : (१) दफा १९ बमोजिम अनुगमन गर्दा केन्द्रले प्राप्त गरेको अनुदानको सदुपयोग नगरेको वा सम्झौताको कुनै शर्त पालना गरेको नपाइएमा अनुगमन प्रतिवेदनको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

सिफारिसको आधारमा मन्त्रालयले मनासिब समय दिई देहाय बमोजिम गर्न सक्नेछ :

(क) उपयोग नगरेको रकम वा खरिद गरेको वस्तुको उपयोग गर्न लगाउने,

(ख) अधुरो निर्माण कार्य/प्रक्रिया सुचारु गर्न लगाउने,

(ग) सम्झौताको शर्त पालना गर्न लगाउने ।

(२) संस्था/केन्द्रको खारेजी विघटन भएको अवस्थामा यस्तो संस्था/ केन्द्रमा प्रदेश सरकारको लगानीमा निर्माण भएका चल अचल सम्पत्ति प्रदेश सरकारको हुनेछ।

२१. <u>असुल उपर गरिने</u> : दफा १९ बमोजिम अनुगमन गर्दा यस निर्देशिका बमोजिम केन्द्रलाई प्रदान गरिएको अनुदान कुनै किसिमले दुरुपयोग गरिएको पाइएमा त्यस्तो रकम दुरुपयोग गर्ने व्यक्तिको घर घरानाबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

२२. **<u>सफाई पेश गर्ने मौका दिनुपर्ने</u>** : दफा २१ बमोजिम रकम असुल उपर गर्नु पर्दाको अवस्थामा सम्बन्धित संस्थालाई सफाई पेश गर्न मनासिब माफिकको मौका दिनु पर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची-१
### (दफा ५ सँग सम्बन्धित)
### आवेदनको ढाँचा

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
कोशी प्रदेश, विराटनगर ।

विषय : प्रोत्साहन अनुदानका लागि प्रस्ताव पेस गरिएको ।

महोदय,

ताहाँ मन्त्रालयबाट मिति ..................... मा प्रकाशित सूचना अनुसार यस केन्द्र पनि प्रोत्साहन अनुदानका लागि योग्य र इच्छुक रहेकोले केन्द्रको मिति ............. को कार्य समितिको बैठकबाट निर्णय गरी सूचनामा तोकिएका निम्न कागजातहरू संलग्न राखि यो आवेदन पेश गरिएको छ ।लागु औषध नियन्त्रण, सचेतना प्रवर्धन, मानव बेचबिखन नियन्त्रण एवम् पुनर्स्थापना केन्द्रसँग सहकार्य र अनुदान वितरण कार्यक्रम संञ्चालन निर्देशिका, २०८० को शर्त, बन्देजहरू पालना गर्न केन्द्र मञ्जुर रहेको व्यहोरा अनुरोध छ ।

भवदीय

संस्थाको छाप :

.......................................
अध्यक्ष/प्रमुख

नाम,थर :
केन्द्रको नाम,ठेगाना :
सम्पर्क नं. :

सलंग्न कागजातहरू:

१. संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि
२. सम्बन्धित संस्था वा व्यवसायिक फर्मको विधानको प्रतिलिपि
३. मन्त्रालयमा आवद्धताको प्रमाणपत्रको प्रतिलिपि
४. मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्रको प्रतिलिपि
५. अघिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

६. केन्द्र/संस्था रहेको स्थानको नक्सा
७. संस्थाको वित्तीय,भौतिक र मानव संशाधन सम्बन्धी विवरण (अनुसूची ३ बमोजिम ढाँचामा)
८. अनुदान प्राप्त पश्चात गरिने संक्षिप्त कार्ययोजना (अनुसूची ४ बमोजिम ढाँचामा)

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची-२

(दफा ५ को (२) (च) सँग सम्बन्धित)

## केन्द्रको वित्तीय, भौतिक र मानव संशाधन सम्बन्धी व्यवस्था

**क) परिचय खण्डः**

१. केन्द्रको नाम :

२. ठेगाना :

३. स्थापना मिति :

४. जिल्ला प्रशासन कार्यालयमा दर्ता नं./मिति :

५. मन्त्रालयमा आवद्धता नं. र मिति :

६. मूल्य अभिवृद्धिकर/स्थायी लेखा नम्बर :

७. संस्थाको ध्येय,लक्ष्य,उद्देश्य :

८. जनशक्ति सम्बन्धी विवरण :

९. अन्य :

ख) वित्तीय अवस्था :

| क्र.सं. | विवरण | आ.व. ....... | कैफियत |
|---|---|---|---|
| १. | **आम्दानी :** | | |
| | क) मासिक शुल्क वापत प्राप्त | | |
| | ख) अनुदान/सहयोग/चन्दा (दाताको नाम उल्लेख गर्नुपर्ने ) | | |
| | ग) अन्य ... (भाडा,सदस्यता शुल्क, सम्पत्ती बेचबिखन) | | |
| | घ) अघिल्लो आ.व.को बाँकी | | |
| | **कुल जम्मा** | | |
| २. | **खर्च :** | | |
| | क) पुँजीगत तर्फ (भवन निर्माण,मेशिनरी औजार,फर्निचर वा अन्य खरिद) | | |
| | ख) चालु तर्फ (तलव,भत्ता,परामर्श,कार्यालय संचालन सम्बन्धी खर्च, कार्यक्रम संचालन खर्च) | | |
| | **कुल जम्मा** | | |
| | **बाँकी मौज्दात रकम :** | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

ग) भौतिक अवस्थाः

| क्र.सं. | विवरण | आ.व..... (... महिनासम्म) भए/नभएको वा संख्यात्मक रुपमा लेख्ने | पुष्टयाई विवरण (विवरणात्मक रुपमा लेख्ने) | कैफियत |
|---|---|---|---|---|
| १ | केन्द्रबाट प्रदान गरिएका सेवाहरूः | | | |
| १.१ | लाभग्राही संख्या (महिला/पुरुष र उमेर समुह खुल्ने गरी छुट्टै कागजात पेश गर्ने) | | | |
| १.२ | तोकिएको शुल्क रकम (प्रतिव्यक्ति मासिक/बार्षिक) | | | |
| १.३ | निःशुल्क उपचाररत व्यक्तिको संख्या (प्रमाण हुनुपर्ने) (महिला/पुरुष र उमेर समुह खुल्ने गरी छुट्टै कागजात पेश गर्ने) | | | |
| १.४ | अन्य :-<br>क) ........<br>ख) ........<br>ग) ........ | | | |
| २ | भौतिक संरचना र पूर्वाधार : | | | |
| २.१ | जम्मा भवन संख्या | | | |
| | क) पक्की (सिमेन्ट र ढलानयुक्त) | | | |
| | ख) जस्तापाताको छानायुक्त | | | |
| | ग) अन्य | | | |
| २.२ | खेल मैदान (कति रोपनी,कठ्ठा वा आनामा फैलिएको) | | | |
| २.३ | खेलकुद सामग्री उपलब्धता | | | |
| | क) ............ | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | | |
|---|---|---|---|---|
| | ख) ............ | | | |
| | ग) ............ | | | |
| | घ) ............ | | | |
| २.४ | योगा ध्यान कक्ष क्षमता र संख्या | | | |
| २.५ | केन्द्रको जम्मा सीट क्षमता | | | |
| | जम्मा कोठा संख्या | | | |
| | जम्मा झ्याल/भेन्टिलेसन संख्या | | | |
| २.६ | जग्गा सम्बन्धी विवरण | | | |
| | आफ्नै नाममा रहेको जग्गा (रोपनी/कठ्ठा/धुर/बर्गमिटर) | | | |
| | भाडा वा लिजमा लिएको जग्गा (रोपनी/कठ्ठा/धुर/बर्गमिटर) | | | |
| २.७ | पुस्तकालयको विवरण संख्या | | | |
| २.८ | केन्द्रको भवन आवाससँगै कम्पाउण्ड वाल व्यवस्था | | | |
| | पक्की वाल | | | |
| | कच्ची वाल तारवार मात्र | | | |
| २.९ | अतिरिक्त क्रियाकलापका लागि खेल मैदान व्यवस्था | | | |
| २.१० | सुत्ने ठाउको व्यवस्था (खाट/पलङ्ग) संख्या | | | |
| २.११ | चौबिसे घण्टा शुद्ध खानेपानीको उपलब्धता | | | |
| २.१२ | लैंगिक मैत्री शौचालयको व्यवस्था | | | |
| २.१३ | शौचालय संख्या | | | |
| | शौचालयको अवस्था | | | |
| २.१४ | परिसरमा बगैंचाको व्यवस्था/हरियाली | | | |
| २.१५ | आफ्नै संरचनामा तालिम संचालनको छुट्टै हल निर्माण | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | | |
|---|---|---|---|---|
| २.१६ | उपचाररत व्यक्तिको संख्याको अनुपातमा भवन र सिट क्षमता पर्याप्तता | | | |
| ३ | **अन्य** | | | |
| ३.१ | चौबिसे घण्टा विद्युत आपुर्ति व्यवस्था | | | |
| | क) विद्युत व्यवस्था | | | |
| | ख) जेनरेटर व्यवस्था | | | |
| | ग) सोला व्यवस्था | | | |
| ३.२ | आकस्मिक उपचारको व्यवस्था (उपचार सम्बद्ध स्वास्थ्यकर्मीसँग आवद्धता) | | | |
| ३.३ | अस्पतालको सुलभता (बढीमा ३० मिनेट भित्र पहुच/१० कि.मि.दुरी भित्र खुलाउने) | | | |
| ३.४ | उपचार तथा परामर्श सेवा उपलब्ध गराउने मनोचिकित्सकको व्यवस्था संख्या समेत) | | | |
| ३.५ | उपचाररत व्यक्ति स्वास्थ्य बीमाको व्यवस्था (भएको भए कति संख्या) | | | |
| ३.६ | लक्षित कार्यक्रम संचालन | | | |
| ३.७ | उपचारको लागि स्थानीय अस्पताल वा स्वास्थ्य चौकीमा सिफारिसको अवस्था | | | |
| ३.८ | खाना तथा खाजाको अवस्था | | | |
| ३.९ | उपचारको क्रममा मानसिक तथा शारीरिक यातना | | | |
| ३.१० | अन्य थप विवरण | | | |
| | क) ............ | | | |
| | ख) ............ | | | |
| | ग) ............ | | | |
| | घ) ............ | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

घ) मानव संशाधन अवस्था :

| क्र.सं. | कर्मचारी नाम,थर | पद | सेवा/तह | शुरु नियुक्ति मिति | कार्य जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |

ङ) कार्यक्रमगत विवरण

| क्र.सं. | तालिम/कार्यक्रम/अभिमुखिकरणको नाम | संचालन अवधि (देखि सम्म) | लाभान्वित संख्या | मुख्य उपलब्धी | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |

नोट : अन्य विवरण भएमा थप पानामा उल्लेख गर्न सकिनेछ ।

प्रमाणित गर्ने :

अध्यक्ष/प्रमुखको नाम :

दस्तखत :

मिति :

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची-३
## (दफा ५ को (२) (छ) सँग सम्बन्धित)
## संक्षिप्त कार्ययोजना

१. अनुदान माग गर्ने केन्द्रको :
   क) नाम :
   ख) जिल्ला :
   ग) स्थानीय तह (मनपा/उपमनपा/नपा/गापा):
   घ) वडा नं. :
   ङ) टोल :
   च) फोन,फ्याक्स र ईमेल :

२. माग गरेको अनुदान :
   क) पुँजीगत अनुदान
   ख) कार्यक्रमगत अनुदान

३. केन्द्रको कार्यसमिति/संचालक समितिले पारित गरेको मिति :

४. संक्षिप्त कार्ययोजना :

| क्र.सं. | कार्यक्रम सम्बन्धी विवरण | कार्यान्वयनमा मूख्य जिम्मेवार व्यक्ति/निकाय | अनुगमन गर्ने निकाय | सम्पन्न गर्न लाग्ने अवधि (साल,महिना) | अनुमानित बजेट | लाभान्वित संख्या | अपेक्षित प्रतिफल | सम्भावित जोखिम | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

# अनुसूची-४
## (दफा ६ सँग सम्बन्धित)
## निरीक्षण प्रतिवेदन फारम

केन्द्रको नाम :

ठेगाना (जिल्ला,मनपा/उपमनपा/नपा/गापा,वडा नं.,टोल):

अध्यक्ष/प्रमुखको नाम : सम्पर्क नं. (मोवाईल/ईमेल):

| क्र.सं. | विवरण | भएको/नभएको वा संख्या |
|---|---|---|
| १ | **संस्था सम्बन्धी विवरण :** | |
| १.१ | जिल्ला प्रशासन कार्यालयको दर्ता | |
| १.२ | मन्त्रालयमा आवद्धता<br>(मन्त्रालयमा आवद्ध नभएको संस्था पुरस्कारका लागि योग्य हुने छैन) | |
| १.३ | भ्याट/प्यान दर्ता तथा चुक्ताको प्रमाणपत्र | |
| २ | **भौतिक पूर्वाधार संरचनाः** | |
| २.१ | आफ्नै जग्गा र भवन भएको/नभएको<br>(भएको भए भवन संख्या र जग्गाको क्षेत्रफल उल्लेख गर्ने) | |
| २.२ | केन्द्रको भवन आवाससँगै कम्पाउण्ड वाल व्यवस्था | |
| २.३ | केन्द्रको सीट क्षमता (संख्या) | |
| २.४ | अतिरिक्त क्रियाकलापका लागि खेल मैदान व्यवस्था | |
| २.५ | योगा ध्यान कक्ष व्यवस्था | |
| २.६ | खेलकुद सामग्री व्यवस्था | |
| २.७ | पुस्तकालय व्यवस्था | |
| २.८ | सुत्ने ठाउँको व्यवस्था (खाट/पलङ्ग) व्यवस्था | |
| २.९ | चौबिसै घण्टा शुद्ध खानेपानीको उपलब्धता | |
| २.१० | लैंगिकमैत्री शौचालय व्यवस्था | |
| २.११ | परिसरमा बगैंचाको व्यवस्था | |
| २.१२ | सहज हावा प्रवाह हुने स्वस्थ कोठा (झ्याल/भेन्टिलेसन) व्यवस्था | |
| २.१३ | आफ्नै संरचनामा तालिम संचालनको छुट्टै हल निर्माण | |
| २.१४ | उपचाररत व्यक्तिको संख्याको अनुपातमा भवन र सिट क्षमता पर्याप्तता | |
| ३ | **मानव संशासधन व्यवस्थापन** | |
| ३.१ | व्यवस्थापक वा संयोजकको व्यवस्था (संख्या समेत) | |
| ३.२ | प्रशासन वा लेखा सहायक व्यवस्था (संख्या समेत) | |
| ३.३ | पालोपहरा तथा सुरक्षाकर्मी व्यवस्था (संख्या समेत) | |
| ३.४ | भान्सेको व्यवस्था (संख्या समेत) | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | |
|---|---|---|
| ३.५ | कार्यालय सहयोगी वा बगैंचे (संख्या समेत) | |
| ३.६ | उपचार तथा परामर्श सेवा उपलब्ध गराउने मनोचिकित्सकको व्यवस्था संख्या समेत) | |
| ३.७ | तालिम प्राप्त परामर्शदाता | |
| ४ | **सरसफाई,उपचार तथा मनोरञ्जन सम्बन्धी** | |
| ४.१ | चौबिसे घण्टा विद्युत आपुर्ति व्यवस्था | |
| ४.२ | आकस्मिक उपचारको व्यवस्था (उपचार सम्बद्ध स्वास्थ्यकर्मीसँग आवद्धता) | |
| ४.३ | अस्पतालको सुलभता (बढीमा ३० मिनेट भित्र पहुच/१० कि.मि.दूरीभित्र) | |
| ४.४ | उपचारको लागि स्थानीय अस्पताल वा स्वास्थ्य चौकीमा सिफारिसको व्यवस्था | |
| ४.५ | उपचाररत व्यक्तिको स्वास्थ्य बीमाको व्यवस्था | |
| ४.६ | खाना तथा खाजाको अवस्था | |
| **५** | **उपचार सेवा सम्बन्धी विवरण** | |
| ५.१ | गत आर्थिक वर्षमा उपचार पाएकाको संख्या | |
| ५.२ | चालु आर्थिक वर्षमा उपचाररत व्यक्तिको संख्या | |
| **६** | **अन्य** | |
| ६.१ | उपचारका लागि केन्द्रमा रहेको जम्मा संख्या र विवरण | |
| ६.२ | निःशुल्क उपचाररत व्यक्तिको विवरण | |
| ६.३ | सीपमूलक तालिम संचालनको विवरण | |
| ६.४ | उपचार तथा परामर्श सेवाको क्रममा सम्बन्धित विरामी र निजको परिवारवीच निरन्तर सम्पर्क भेटघाटको व्यवस्था गराउने र सेवालाई परिवारमैत्री बनाईने प्रबन्ध | |
| ६.५ | लक्षित कार्यक्रम संचालन | |
| ६.६ | उपचारको क्रममा मानसिक तथा शारीरिक यातना | |

निरिक्षण गर्ने कर्मचारीको :
नाम/थर :
पद :
दस्तखत :
मिति :

प्रमाणित गर्ने कार्यालय प्रमुखको :
नाम/थर :
पद :
दस्तखत :
मिति :

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

**अनुसूची — ५**
**(दफा १४ सँग सम्बन्धित)**
**अनुदान सम्झौता ढाँचा**

केन्द्र (यस पछि प्रथम पक्ष भनिएको) ................................ को तर्फबाट अध्यक्ष / प्रमुख श्री ......................................... तथा मन्त्रालय (यस पछि द्वितीय पक्ष भनिएको) ............................................ को तर्फबाट शाखा प्रमुख श्री ........................................ हामीहरू दुवै पक्षले देहाय बमोजिमका शर्तहरूको अधीनमा रही यो अनुदान सम्झौता पत्रमा सहीछाप दस्तखत गरेका छौं ।

**प्रथम पक्षले मञ्जुर गरेका शर्तहरू :**

१. लागु औषध नियन्त्रण, सचेतना प्रवर्धन, मानव बेचबिखन नियन्त्रण एवम् पुनर्स्थापना केन्द्रसँग सहकार्य र अनुदान वितरण कार्यक्रम संञ्चालन निर्देशिका, २०८० मा उल्लेख भएका प्रावधानहरूको अक्षरस पालना गर्ने छु ।

२. लागु औषध नियन्त्रण, सचेतना प्रवर्धन, मानव बेचबिखन नियन्त्रण एवम् पुनर्स्थापना केन्द्रसँग सहकार्य र अनुदान वितरण कार्यक्रम संञ्चालन निर्देशिका, २०८० को दफा १५,१६,१७,१८,१९ र २० मा उल्लिखित व्यवस्थाहरूको पालना गर्नेछु ।

३. माथि उल्लिखत व्यहोरा ठिक साँचो हो । झुठ्ठा ठहरे प्रचलित कानून बमोजिम सहँला बुझाउँला।

**द्वितीय पक्षले मञ्जुर गरेका शर्तहरू :**

१. प्रथम पक्षबाट उल्लेखित शर्तहरू पुरा भएको अवस्थामा तोकिए बमोजिमको प्रोत्साहन अनुदान मन्त्रालयले बैंक मार्फत उपलब्ध गराउने।

| प्रथम पक्षको तर्फबाट | द्वितीय पक्षको तर्फबाट |
|---|---|
| नाम,थर : | नाम,थर : |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

पद :
दस्तखत :
मिति :
कार्यालयको छाप :

पद :
दस्तखत :
मिति :
कार्यालयको छाप :

स्वीकृत मितिः- २०८०/१२/२६

आज्ञाले,
लक्ष्मी प्रसाद पौडेल
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
**website:- moial.koshi.gov.np**